# पौवादुङमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चयाङ्ग्रे भोजपुर,१ नं प्रदेश नेपाल

विषय :- हाट बजार कर ठेक्का लगाउने सम्वन्धी सूचना ।

तेश्रो पटक सूचना प्रकाशीत मिति २०७५/०७/२६

पौवादुङमा गाउँपालिका क्षेत्र भित्रलाग्ने हाट बजारको चालु आ.व.०७५/०७६ को तपसिलका (एकमुष्ठ वा छुटा छुटै) बजारहरुबाट हाट बजार कर संकलन गरी न्यूनतम वार्षिक रु.५७०००।– (अक्षरुपी सन्ताउन्न हजार) मा नघटाइ बढावढको आधारमा यस गाउँपालिकाको कार्यालयमा दाखिला गर्ने प्रयोजनको लागि तपसिलको शर्तको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०७५/०८/०१ गते) सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट (कार्यालय खुलेको दिन) भित्र कार्यालय समयमा शीलवन्दी दरभाउ पत्र फारम खरिद गर्न इच्छुक व्यक्ति, संस्था, फर्महरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१ कर दस्तुर विवरण पौवादुङमा गाउँपालिकाबाट निर्धारित दरमा हाट बजार कर उठाउनु पर्नेछ । कर दस्तुर विवरण यस कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

२ दरभाउपत्र दाताले शिलवन्दी दरभाउपत्र खामको बाहिरपटी ठेक्काको नाम प्रष्ट बुझिने गरी श्री पौवादुङमा गाउँपालिकाको कार्यालय, चयाङ्ग्रे भोजपुर भनी उल्लेख गरेको हुनु पर्ने छ ।

३ दरभाउपत्र फाराम भर्दा बोल कवोल गरेको अंक र अक्षरमा दुवैमा प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । साथै अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाइ मान्यता दिइने छ ।

४ कुल कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने धरौटी बापतको रकम यस कार्यालयको रा. वा. बैंक भोजपुरमा रहेको २०४०३०३००७१०६को धरौटी खातामा जम्मा गरेको भौचर वा नगदै बुझाई सो को नगदी रसिद पेश गर्नु पर्नेछ ।

५. रीत नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

६ सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति २०७५/०८/२ गते दिउसो १२:०० बजेसम्म रहने छ र सोही दिन दिनको १:०० बजे नियममनुसार खोली सवैभन्दा बढी अंक कवोल गर्ने दरभाउपत्र स्वीकृत गरिने छ ।

७ ठेक्का स्वीकृत भएपछि सम्झौताका वखत ठेक्कावालाले ठेक्काको रकम एकमुष्ट वा दुई किस्तादाखिला गर्ने गरी सम्झौता गर्न सकिनेछ ।

८ किस्तावन्दी बुझाउने गरी सम्झौता गर्न परेमा पौवादुङमा गाउँपालिका क्षेत्रभित्रको जग्गा कम्तिमा कवोल अंकले खाप्ने गरी धीतो वापत राख्नु पर्ने छ र उक्त धितोको लागि प्रस्तावित जग्गा ठेक्का कवोल गर्ने व्यक्ति बाहेक अन्यको भएमा सम्वन्धीत जग्गा धनीको मन्जुरीनामा समेत संलग्न राख्नु पर्ने छ ।

९ दरभाउपत्र पेश गर्न चाहाने व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र र संस्था वा फर्मको हकमा आ.व.०७४/०७५ सम्म नविकरण गरेको प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१० दरभाउपत्र फारम वापत प्रत्येक वजारको रु.३००। का दरले (अक्षेरुपी तीन सय रुपैया मात्र) बरावरको नगदी रसिद काटी फिर्ता नहुने गरी बुझाउनु पर्नेछ ।

११ दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार पौवादुङमा गाउँपालिकाको कार्यालयमा निहित रहने छ ।

तपसिल

| ठेक्का नं | हाट बजार लाग्ने स्थान | फारम शुल्क रु. | न्यूनतम रकम रु. |
|---|---|---|---|
| १ | पौवादुङमा गा.पा -१,श्यामशिला बजार | ३००।- | १२०००।- |
| २ | पौवादुङमा गा.पा -३,चयाङ्ग्रे बजार | ३००।- | ३००००।- |
| ३ | पौवादुङमा गा.पा.-४,मानेडाँडा बजार | ३००।- | १५०००।- |
| जम्मा | | | ५७०००।- |

नोट :अन्य केही कुरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र ९८५२०७५८०० ,९८१४३८१४०३ मा सम्पर्क गर्नु होला ।

प्रमुख प्रशासकीय अधिकृत